# जिल्ला समन्वय समितिको कार्यालय

# डोल्पा

*सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ सँग सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय, डोल्पाको आ.व. २०८२।८३ मा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण*

२०८३ श्रावण

# स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, डोल्पाले आ.व. २०८२/०८३ मा सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय
डोल्पा

# विषयसूची


| | |
|---|---|
| १. जि.स.स.को स्वरुप र प्रकृति | ४ |
| २. जि.स.स.को काम, कर्तव्य र अधिकार | ४ |
| ३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण | ५ |
| ४. जि.स.स.बाट प्रदान गरिने सेवा | ६ |
| ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | ६ |
| ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. सम्पादन गरेको कामको विवरण | ६ |
| १०. सूचना अधिकारी र प्रमुखको नाम र पद | ६ |
| ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ६ |
| १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ७ |
| १३. तोकिए बमोजिमका अन्य विवरण | ७ |
| १४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु | ७ |
| १५. सार्वजनिक निकायको वेभसाइट | ७ |
| १६. सूचना परियोजनामा प्राप्त भएकोवैदेशिक सहायता, ऋण, अनुदान एवम्सम्झौता सम्बन्धी विवरण | ७ |
| १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन | ८ |
| १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | ८ |
| १९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय | ८ |
| २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण | ८ |
| अनुसूची- १: जि.स.स. पदाधिकारीहरुको विवरण | |
| अनुसूची-२.जि.स.स.बाटसम्पादितकृयाकलापकाकेहीझलकहरु | |

**जिल्ला समन्वय समितिको कार्यालय,**
**डोल्पा, नेपाल**
**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण**
**आ.व. २०८२/०८३ ॥**

### १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समिति कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो। जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ। जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था छ। डोल्पा जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । डोल्पा जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जि.स.स. ले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती तथा करार सेवातर्फका कर्मचारीहरुको दरबन्दी रहेको छ । नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था भई संविधानको धारा २२०( ७) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जि.स.स.ले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

### २. जि.स.स.को काम, कर्तव्य र अधिकार :

देहाय वमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

**क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः**

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाकाबीच समन्वय गर्ने
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने

**ख) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारका कार्यहरुः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने उल्लेख छ ।

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग

समन्वय गर्ने,
(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
(च) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद्व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
(छ) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
(ज) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,
(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

## ३. जि.स.स. मा हाल कार्यरत कर्मचारीहरुको विवरण :

### निजामती सेवातर्फ :

| सि. नं. | श्रेणी,तह | पद, पदाधिकारी | कार्यरत शाखा |
|---|---|---|---|
| १. | रा.प. अनं. प्रथम | नि. जिल्ला समन्वय अधिकारी, श्री हरि प्रसाद जैसी | कार्यालय प्रमुख |
| २. | रा.प. अनं. प्रथम | लेखापाल, श्री सुजन गौतम | लेखा शाखा |
| ३. | रा.प. अनं. द्धितीय | खरिदार, गणेश प्रसाद दहाल | प्रशासन शाखा |

### करारतर्फः

| सि. नं. | श्रेणी,तह | पद, पदाधिकारी | कार्यरत शाखा |
|---|---|---|---|
| १. | रा.प.तृतीय | इन्जिनियर, श्री कृति थापा | प्राविधिक शाखा |
| २. | रा.प. अनं. प्रथम | स्वकीय सचिव,श्री ओम बहादुर रोकाया | प्रमुखज्यूको सचिवालय |
| ३. | श्रेणीविहीन | कार्यालय सहयोगी, श्री बहादुर बुढा | प्रशासन शाखा |
| ४. | श्रेणीविहीन | कार्यालय सहयोगी, श्री रामभक्त बुढा | प्रशासन शाखा |
| ५. | श्रेणीविहीन | कार्यालय सहयोगी, श्री नवराज रोकाया | प्रमुखज्यूको सचिवालय |
| ६. | श्रेणीविहीन | हलुका सवारी चालक, श्री कविदत्त अधिकारी | प्रमुखज्यूको सवारी |

**४. जि.स.स.बाट प्रदान गरिने सेवा** : बुँदा नं १ र २ मा उल्लेख भए वमोजिम र सो संग सम्वन्धित सवै प्रकारका सेवा उपलव्ध गराउने ।

- विभिन्न निकायहरु विच समन्वय र अनुगमन सम्वन्धी कार्यहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख**: बुँदा नं. ३ मा उल्लेख भएबमोजिम ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

जिससबाट प्राप्त हुने सेवाहरु निःशुल्क रुपमा प्रदान गर्ने गरिएको ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

- शाखासंग सम्वन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएको कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी** :

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जि.स.स. प्रमुख
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्यव्यवहारवारे गुनासो सुन्ने अधिकारी : शाखा अधिकृत

**९. सम्पादन गरेको कामको विवरण (२०८२ बैशाख देखि असार मसान्त):**

**(क) विभिन्न शाखावाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु :**

**(१) प्रशासन शाखा मार्फत भएका कार्यहरु :**

क) दैनिक प्रशासनिक कामकाज ।
ख) समितिको नियमित बैठक सञ्चालन
ग) बेरुजु असुली तथा फछ्र्यौटका लागि सम्बन्धित व्यक्तिहरुलाई पत्राचार
घ) जिन्सी निरीक्षण तथा अभिलेख
ङ) गणतन्त्र दिवस विशेष कार्यक्रम आयोजना र सम्पन्न
च) बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक समिक्षा सम्पन्न
छ) प्रदेशस्तरीय जिसस महासंघ भेला कार्यक्रम
ज) वार्षिक समीक्षा कार्यक्रम

**(२) सूचना शाखा मार्फत भएका कार्यहरु :**

- कम्प्यूटर सम्वन्धी कार्यहरु ।
- वेबसाइट र सामाजिक सञ्जालहरु अद्यावधिक

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

१. कार्यालय प्रमुखः नि. जिल्ला समन्वय अधिकारी श्री हरी प्रसाद जैसी
२. सूचना अधिकारीः खरिदार श्री गणेश प्रसाद दहाल

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि ऐन, २०५५

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणः**

**केन्द्रिय बजेटतर्फ**
कूल बजेटः १,७१,६२,०००।-
आ.व.को कूल खर्चः १,३४,८०,०००।-

**बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ**
कूल बजेटः १,००,०००।-
तेस्रो त्रैमासिकसम्मको कूल खर्चः १,००,०००।-

**प्रदेश तर्फ**
कूल बजेटः १५,००,०००।-
तेस्रो त्रैमासिकसम्मको कूल खर्चः १५,००,०००।-

**१३. तोकिए बमोजिमका अन्य विवरण :** नेपाल सरकार र सम्वन्धित मन्त्रालय र विभागबाट प्राप्त परिपत्र, निर्देशन वमोजिमका कार्यहरु ।

**१४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू :** जिल्ला समन्वय समितिबाट गत आ.व. २०८१/०८२ मा सम्पादित कार्यहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) मा उल्लेख भए वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा २०८२ असारमा डोल्पा जिल्लाका सवै स्थानीय तहहरुको वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न ।

**१५. सार्वजनिक निकायको वेबसाइट :**

वेबसाइटः dccdolpa.gov.np
फेसबुक प्रोफाइल
लिंकःhttps://www.facebook.com/profile.php?id=61555964151250
इमेलः dccdolpa@gmail.com

**१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एव्म सम्फौता सम्बन्धी विवरणः**

यो अवधिमा कुनै सम्फौता नभएको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदनः**

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः**

सबै सूचना खुल्ला रहेको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः**

लिखितरुपमा कुनै सूचना माग नभएको । कार्यालयमा टेलिफोन मार्फत मागिएका सूचना तत्काल उपलब्ध गराईएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः** गत विगतमा चौमासिक रुपमा सवै गतिविधिहरु नियमित रुपमा प्रकाशित हुने गरेको हाल कार्यालयको भूमिका र जिम्मेवारीमा परिवर्तनसंगै वेवसाईट र फेसवुकमार्फत सवै गतिविधिहरु नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको ।

**अनुसूचि १**

**जिल्ला समन्वय समिति, डोल्पाका पदाधिकारीहरुको विवरण**

| **सि.नं.** | **पद** | **नाम** | **सम्पर्क नं.** |
|---|---|---|---|
| १. | प्रमुख | श्री श्यामबहादुर रोकाया | ९८५८३९०२२३ |
| २. | उपप्रमुख | श्री तेजेन्द्र बहादुर बुढा | ९८५८३९०२२४ |
| ३. | सदस्य | श्री शान्तराम रोकाया | ९८६४९७२८१९ |
| ४. | सदस्य | श्री कालबहादुर सार्की | ९७४२२२८५३६ |
| ५. | सदस्य | श्री लालमाया शाही | ९८४८३८४२३६ |
| ६. | सदस्य | श्री लुलाचन्द्रा कार्की | ९८६६१७८१८० |
| ७. | सदस्य | श्री मिग्युर लामा | ९८४१९७३८५५ |
| ८. | सदस्य | श्री डिलराज झाँक्री | ९८४८३२४३५८ |
| ९. | सदस्य | श्री दिपकुमारी रोकाया | ९७४८४९८४२५ |

**अनुसूचि २**

## जि.स.स. डोल्पाबाट सञ्चालित कार्यका झलकहरु






कर्णाली प्रदेश सँगको
पदाधिकारी सँग
छलफल
गते
कर्णाली प्रदेश
सभा हल








जिल्ला समन्वय समिति




आ.व.२०८२/८३ को
वार्षिक प्रगति समीक्षा
दुनै डोल्पा

